Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : २७औं दिन**
**मिति : ०७२ जेठ ७**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६३३
घाइते : १६,८०८

## संसदीय अनुगमनको विश्वसनीयता

भूकम्पका कारण भएको धनजनको क्षतिको अनुगमन गर्न गएको संसदीय टोलीले भूकम्पग्रस्त क्षेत्रमा अनुगमन गरेको छ । आम जनताबाट चुनिएका प्रतिनिधिहरू जनताको वास्तविक समस्या बुझेर तिनको निराकरणका लागि वस्तुगत उपाय सुझाउनु लोकतान्त्रिक पक्रिया हो । टोलीको अनुगमन कत्तिको भरपर्दो हुन्छ भन्ने कुरा भने विचारणीय छ। कहाँबाट अनुगमन शुरु गर्ने, कुन गाविसलाई प्राथमिकता दिने भन्ने विषयमा केन्द्रित रहेको देखिएन ।

हालै काभ्रे जिल्लाको अनुगमनमा गएको टोली यातायात सुविधासम्पन्न क्षेत्रको पाँचदिने भ्रमण सकेर फर्किएको छ। टोली पाँचखाल, महादेवस्थान, ज्याम्दी, वालुवापाटी कासीखण्ड, दाप्चा नगरपालिकाको भ्रमण गरेर फर्किएको छ । यी गाविसहरु यातायात र दूरीका दृष्टिकोणले सहज र सुगम मानिन्छन् ।

जिल्लाका दुर्गम गाविसहरु र धनजनको बढी क्षति भएका गाविसमा टोली पुगेन । टोलीको समय सदरमुकामको भेटघाटमाा व्यस्त रह्यो । धनजनको बढी क्षति भएका भीमखोरी गाविस जहाँ ६० जनाको मृत्यु, ६ सय घर पूर्ण ध्वस्त र ४ सय ६३ घरमा आंशिक क्षति पुगेको थियो , त्यहाँ संसदीय टोली पुगेन । पहिलो चरणको सरकारी राहतसमेत पुग्न नसकेका त्यस्ता क्षेत्रको जनप्रतिनिधिले अनुगमन नगरिकन तयार पारिएको प्रतिवेदन विश्वसनीय हुन सकिने आधार देखिँदैन । काभ्रे जिल्लाको कुन कुन गाविसमा कस्ता क्षति भएका छन्, पूर्ण विवरण हेर्नका लागि यहाँ http://www.inseconline.org/earthquake/Report-of-Victims-vdc-Data-2072-01-23.pdf क्लिक गर्नुहोस् ।

### उल्लेख्य

- वैशाख १२ गतेको भूकम्पका कारण बेपत्ता भएकामध्ये रसुवा जिल्लाको यार्सा गाविसमा तीन जनाको लास ०७२ जेठ ६ गते फेला परेको छ ।
- भूकम्प कारण प्यूठान जिल्लाका ७२ निजी घर पूर्ण र १ हजार १ सय ८४ आंशिक, सरकारी कार्यालय एक पूर्ण १२ ओटा आंशिक, विद्यालयहरू ५४ ओटा र दुई ओटा सामुदायिक भवनमा क्षति पुगेको भनी निवेदन दर्ता भएका छन् ।
- रसुवाका ९७ सरकारी र ९ संस्थागत विद्यालय ध्वस्त भएका छन् । जिल्ला भरका विद्यालयहरूको ६ सय ४४ कक्षा कोठा ध्वस्त भने ३ सय २४ कक्षाकोठाहरू मात्र जिल्ला भर १ सय ४३ जना बालबालिका, एक जना विद्यालय कर्मचारी (परिचर) र ४४ जना विद्यार्थीको मृत्यु भएको छ भने ५ शिक्षक घाइते भएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ । यसैगरी जिल्लाका १८ स्वास्थ्य संस्थामध्ये १४ वटा ध्वस्त भएको छ ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- सिन्धुपाल्चोकका गोल्चे गाविस-१ स्थित साम्लाङ लगायतका जिल्लाका विकट बस्तीहरूका भूकम्प पीडितहरूले अझै राहत पाउन सकेका छैनन् । जिल्लाको उत्तरी भेगमा पर्ने गुम्बा गाविसको बोल्देबाट एक दिन हिडेर पुगिने सो स्थानमा हेलिकप्टरले मात्र राहत पुऱ्याउन सकिने छ ।
- इन्सेक, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,पोखराको पहलमा कास्कीको थुम्की गाविस-६ स्थित जटेश्वर माविमा दुईकोठाको अस्थायी टहरा निर्माण गरिएको छ । वैशाख १२ गतेको भूकम्पबाट जटेश्वर माविका तीन ओटा कोठा पूर्णरूपमा क्षति पुगेको थियो ।
- वैशाख १२ गते आएको विनाशकारी भूकम्पबाट पीडित परिवारलाई राहत, उद्धार तथा पुनःस्थापनाका लागि सहयोग गर्ने उद्देश्यले इन्सेककर्मीहरूले जेठ ७ गते बिहान श्रमदान गरेका छन् । इन्सेक मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमको नेतृत्वको टोलीले भूकम्पबाट पूर्ण रुपमा क्षतिग्रस्त रहेको नागार्जुन नगरपालिकाको स्युचाटार गाउँस्थित रवि भट्टराईको घरको भग्नावेश पन्छाउँदै श्रमदान गरेको हो ।
- संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमले काभ्रेको रेडक्रस सोसाइटीमार्फत जिल्लाका विभिन्न स्थानमा वितरण गरेको चामल खान अयोग्य नभए पनि कनिकाको मात्रा बढी देखिएकाले उक्त चामलहरू फिर्ता गर्ने भएको छ ।
- वैशाख २७ गते इन्सेक अनलाइनमा प्रकाशित 'घर लडेको होइन संसार ढलेको' शीर्षकमा फिचर प्रकाशित भएपछि विभिन्न व्यक्तिहरूले सहयोग गर्ने इच्छा देखाएपछि इन्सेकका कार्यकारी निर्देशकसहितको एक टोलीले महालक्ष्मी नगरपालिका -५ चसिडोलमा रहेको एक वृद्धाको घर निरीक्षण गरेको छ ।
- भारतमा पढाउन लैजाने भन्दै ललितपुरको महालक्ष्मी नगरपालिका-८, लुभुको एक विद्यालयमा लुकाएर राखिएका आठ जना १० देखि १२ वर्ष उमेर समूहका बालिकाको जेठ ६ गते राति प्रहरीले उद्दार गरेको छ । उनीहरूलाई भारतमा लगि पढाउने भनी अवैध रूपमा दोलखाको लाबिलाङबाट ल्याएको आरोपमा प्रहरीले बारा जिल्ला निजगढकी १९ वर्षीया मेनुका मगरलाई लुभु प्रहरीले पक्राउ गरेको हो ।
- प्रधानमन्त्री सुशील कोइरालाको अध्यक्षतामा भूकम्प र पराकम्पनका कारण भएको क्षति सम्बन्धमा राष्ट्रिय पुनः निर्माण परामर्श समिति गठन भएको छ । बालुवाटारस्थित प्रधानमन्त्री निवासमा बसेको मन्त्रिपरिषद्को बैठकले संसद्को निर्देशन अनुसार प्रधानमन्त्री अध्यक्ष रहने गरी अन्य राजनीतिक दलका प्रतिनिधि सम्मिलित सो समिति गठन गरिएको हो ।
- सोलखुम्बु जिल्लाका सल्लेरी, तामाखानी, गोराखानी, टाप्टिङ, चौरीखर्क, बुङ र तिंङला गाविसमा मात्रै ८ हजार ५ सय ५५ घर पूर्ण क्षति र ८ हजार ८ सय २८ घरमा आंशिक क्षति भएको प्रमुख जिल्ला अधिकारी एवं राहत व्यवस्थापन समन्वय केन्द्रका अध्यक्ष झङ्कनाथ ढकालले बताए ।
- रामेछापका हायू समुदायलाई द ह्वाइट जोन हायू र सो ठाउँका दलित घरपरिवार गरी कुल १ सय ८१ परिवारलाई  एक बण्डलका दरले जस्तापाता, ३० किलोका दरले चामल, दाल, नुन र भाँडाकुँडा लगायतका राहत सामग्री उपलब्ध गराएको छ ।
- रामेछापमा हिमालय उर्जा विकास कम्पनी लिमिटेडले श्यामा गाविसमा १ सय ७८ थान त्रिपाल, विलिभर्स चर्च समुदायले रामेछापको चुचुरे र प्रीति गाविसका भूकम्प प्रभावितहरूका लागि ७ सय २० थान त्रिपाल, ५ सय ५० थान कम्मल, छायाँश्वरी बिजनेश ग्रुपले लखनपुर गाविसमा १ हजार ३ सय बोरा चामल, त्रिपाल, नुनलगायतका राहत सामग्री उपलब्ध गराएको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline